प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# तालतलैया निर्माण तथा सम्बर्द्धन गरी मत्स्य उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावना:** प्रदेश सरकार, प्रदेश नम्वर तीनमा तालतलैया निर्माण तथा सम्बर्द्धन गरी मत्स्य उत्पादन प्रवर्द्धन मार्फत मत्स्य तथा मत्स्यजन्य उत्पादन र उत्पादकत्व बृद्धी गर्ने, मत्स्य तथा मत्स्यजन्य पदार्थको आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने, तालतलैया परिषरलाई पर्यटकीय दृष्टिकोणले उपयुक्त र पर्यावरणीय मैत्री बनाउने तथा तालतलैया परिषरमा अन्य संभावित कृयाकलाप सञ्चालन गर्ने गरी प्रदेश नम्बर तीनलाई माछापालन क्षेत्रमा आत्मनिर्भर बनाउन टेवा पुऱ्याउने उद्देश्यले प्रदेश सरकार, प्रदेश नम्बर तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "तालतलैया निर्माण तथा सम्बर्द्धन गरी मत्स्य उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "तालतलैया निर्माण तथा सम्बर्द्धन गरी मत्स्य उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) "आवेदक/ प्रस्तावक" भन्नाले तालतलैया निर्माण तथा सम्बर्द्धन गरी मत्स्य उत्पादन एवं पर्यटन प्रवर्द्धन लगायत संभावित अन्य कृयाकलाप सम्बन्धी कार्यक्रममा साझेदारी गर्न ईच्छुक भई प्रस्ताव पेश गर्ने मापदण्ड पुरा गरेका स्थानीय तहमा गठित तालतलैया उपभोक्ता समिति सम्झनु पर्छ ।

(ख) "तालतलैया उपभोक्ता समिति" भन्नाले पुराना प्राकृतिक तथा कृत्रिम तालतलैयाको संरक्षण/ सम्बर्द्धन गर्ने, सम्भाब्य स्थानहरुमा नयाँ तालतलैया निर्माण गर्ने, तालतलैया परिषरलाई पर्यटकीय क्षेत्रको रुपमा विस्तार गर्ने लगायत संभावित अन्य कृयाकलाप सञ्चालन गर्न तालतलैया क्षेत्रको वरपर बसोबास गरिरहेका बासिन्दाहरुको सहभागीतामा गठित समिति सम्झनु पर्छ ।

(ग) "कार्यक्रम" भन्नाले तालतलैया निर्माण तथा सम्बर्द्धन गरी मत्स्य उत्पादन प्रवर्द्धनसँग सम्बन्धित स्वीकृत कार्यक्रम र वजेट सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ङ) "घोल" भन्नाले हिउद याममा पानी सुक्ने प्रकृतीको प्राकृतिक/ कृत्रिम जलाशय सम्झनु पर्छ ।

(च) "तालतलैया" भन्नाले हिउद याममा समेत पानी सञ्चय हुने प्रकृतीका प्राकृतिक/ कृत्रिम जलाशय सम्झनु पर्छ ।

(छ) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ज) "प्रदेश" भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ञ) "विषय विज्ञ" भन्नाले माछापालन तथा पर्यटन प्रवर्द्धन सम्बन्धि विज्ञ/ विशेषज्ञ सम्झनु पर्छ ।

(ट) "समिति" भन्नाले दफा ४ वमोजिम गठित समिति सम्झनु पर्छ ।

(ठ) "साझेदार संस्था" भन्नाले छनौट भई निर्देशनालय/ कार्यालयसँग द्विपक्षिय सम्झौता गरेको तालतलैया उपभोक्ता समिति सम्झनु पर्छ ।

३. <u>उद्देश्य:</u> यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ:-

(क) मत्स्य तथा मत्स्यजन्य उत्पादन र उत्पादकत्व बृद्धि गर्ने,

(ख) मत्स्य तथा मत्स्यजन्य पदार्थको आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने,

(ग) प्रदेश नम्बर तीनलाई माछापालन क्षेत्रमा आत्मनिर्भर बनाउने,

(घ) पर्यटन प्रवर्द्धन कार्यमा टेवा पुऱ्याउने,

(ङ) खाद्य सुरक्षामा टेवा पुऱ्याउने,

(च) पर्यावरणमैत्री वातावरण संरक्षणमा टेवा पुऱ्याउने,

(छ) विभिन्न किसिमका जलाशयको संरक्षण/ सम्बर्द्धन गरी माछापालन गर्ने,

(ज) तालतलैया परिषरलाई पर्यटकीय स्थालको रुपमा विकास गर्ने,

(झ) पानीको मूल संरक्षण/ सम्बर्द्धन गर्ने,

(ञ) आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षित गर्ने ।

## परिच्छेद -२
## <u>संस्थागत व्यवस्था</u>

४. <u>मूल्याङ्कन समिति:</u> प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहनेछ:-

| | |
|---|---|
| निर्देशक वा निजले तोकेको वरिष्ठतम् अधिकृत, निर्देशनालय | संयोजक |
| कानून अधिकृत, मन्त्रालय | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | सदस्य |
| मत्स्य विकास अधिकृत, निर्देशनालय | सदस्य |
| प्रमुख, खरिद ईकाई, निर्देशनालय | सदस्य सचिव |

<u>नोट:</u> समितिले आवश्यक ठानेमा बढीमा २ जना विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. <u>अनुगमन तथा मूल्याङ्कन:</u> यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय, कार्यालय र स्थानीय निकायले आवश्यकता अनुसार गर्न सक्ने छन् ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

मन्त्री

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन प्रक्रिया

६. **कार्यक्रम सञ्चालनः** यो कार्यक्रम प्रतिस्पर्धाका आधारमा प्रदेश नं. ३ का स्थानीय तहमा रहेका तालतलैया उपभोक्ता समितिसँगको ५०% लागत साझेदारीमा सञ्चालन गरिने छ ।

७. **प्रस्ताव आह्वानः** निर्देशनालयले यस कार्यक्रममा सहकार्य गर्न ईच्छुक तालतलैया उपभोक्ता समितिलाई लक्षित गरी प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा ३० दिनको म्याद राखी अनुसूची -१ बमोजिम सूचना प्रकाशन गर्नेछ । माग अनुसारको प्रस्ताव नपरेमा निर्देशनालयले पुनः प्रस्ताव आह्वान गर्न सक्नेछ ।

८. **प्रस्ताव दर्ताः** यो कार्यक्रममा सहभागी हुन ईच्छुक तालतलैया उपभोक्ता समितिले दफा ७ बमोजिमको समय सिमाभित्र सूचनामा माग गरिए बमोजिमका कागजातहरु एवं अनुसूची -३ बमोजिम प्रस्तावित कार्ययोजना र अनुसूची -४ बमोजिम प्रतिबद्धता-पत्र समेत सम्लग्न गरी निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा अनुसूची -२ बमोजिम आवेदन-पत्र दर्ता गर्नु पर्नेछ ।

९. **प्रस्तावक संस्थाको छनौटः** छनौटको प्रक्रिया देहाय बमोजिम हुनेछः-
   (क) मूल्याङ्कन समितिले अनुसूची -५ बमोजिम मापदण्डका आधारमा प्रस्तावक सस्थाको छनौट गरी स्वीकृतका लागि निर्देशालयमा पेश गर्नु पर्नेछ,
   (ख) प्रस्ताव आह्वानको म्याद सकिएको मितिले बढिमा ३५ दिन भित्र प्रस्तावहरु स्वीकृत हुनु पर्नेछ,
   (ग) प्रस्तावक संस्थाको प्रस्ताव छनौट बारे उजुरी गर्न ७ दिनको समय तोकिने छ ।

१०. **प्रस्तावकलाई जानकारीः** निर्देशनालयले छनौट भएको आवेदक संस्थालाई निर्णय भएको मितिले ७ दिनभित्र जानकारी दिनु पर्नेछ ।

११. **सम्झौताः** (१) प्रस्ताव स्वीकृत भएका आवेदक संस्थाले जानकारी प्राप्त गरेको १५ दिनभित्र अनुसूची -६ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिकसँग सम्झौता गर्न सकिने छ ।

## परिच्छेद -४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१२. लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने साझेदार संस्थाद्वारा पेश भएको आवश्यक न्यूनतम क्रियाकलापहरूको अनुमानित लागत सहितको प्रस्तावित कार्ययोजना र आवश्यक न्यूनतम मापदण्डहरु समेटिने गरी सम्झौतामा उल्लेख गर्नु पर्नेछ र सोही बमोजिमको लागत साझेदारीमा कार्यक्रम सम्पादन गरिनेछ ।

मन्त्री

१३. **अनुदान प्रवाह:** साझेदार संस्थालाई तपशिल बमोजिमको क्रियाकलापहरूमा अनुदान रकम उपलब्ध गराइनेछः-

| क्र.सं. | क्रियाकलाप |
|---|---|
| १ | कार्यक्रम बारे जानकारी गराउन अभिमूखीकरण गोष्ठी |
| २ | कार्यक्रममा प्रत्यक्ष कृयाशील रहने जनशक्तिलाई तालिम |
| ३ | होडिङ्ग बोर्ड निर्माण गरी कार्यक्रम सञ्चालन स्थलमा सर्वसाधारणले किन, कसको लागि, के फाईदा आदि थाहा पाउने गरी राख्ने |
| ४ | तालतलैया/ घोल/ पोखरीको मर्मत संभार |
| ४.१ | प्रवेश/ निकास द्वार निर्माण गर्ने |
| ४.२ | डिल मर्मत संभार गर्ने |
| ४.३ | बारबन्देज गर्ने |
| ४.४ | सिल पोलिङ्ग (पानीको चुहावट रोक्ने) गर्ने |
| ४.५ | गहिऱ्याउने तथा सरसफाई गर्ने |
| ५ | ठुलो साईजको माछा भूरा (फिङ्गरिङ स्टक) छाड्ने |
| ६ | जाल खरिद |
| ७ | डुङ्गा खरिद |
| ८ | लाईफ ज्याकेट खरिद |

**नोट :** कृषि पर्यटनको प्रवर्द्धनमा सहयोग पुग्ने स्थानमा तालतलैया निर्माण/मर्मत गर्न प्राथमिकता दिईनेछ ।

१४. अनुदान रकम प्राप्त गर्ने साझेदार संस्थाले निर्देशनालय/ कार्यालयमा सम्झौता बमोजिमको बिल/ भर्पाई पेश गर्नु पर्नेछ । बिल भर्पाई प्राप्त पश्चात निर्देशनालय/ कार्यालयले अनुगमन गरी कार्य सम्पादनको प्रतिवेदन र अनुसूची -७ र अनुसूची -८ अनुसार मत्स्य प्राविधिकको स्थलगत अनुगमन तथा निरीक्षणबाट प्राप्त रिपोर्टको आधारमा अनुदान रकमको दुई प्रतिशत कन्टिजेन्सी वापत कट्टा गरी साझेदार संस्थाको बैंक खातामा एकमुष्ट रकम बिल भर्पाई प्राप्त भएको १५ दिनभित्र उपलब्ध गराउने छ । निर्देशनालय/ कार्यालयबाट मर्मत संभार खर्च रकम (प्रति कट्ठा रु. १६५००।- बाट नबढाई) ब्यहोरिनेछ ।

१५. साझेदार संस्थाले ब्यहोर्नु पर्ने रकम अन्य कुनै दातृ निकायबाट आंशिक वा पूरै व्यवस्था गर्न सक्नेछ ।

१६. मत्स्यपालन क्षेत्र विस्तार कार्य सम्पन्न नगरेमा वा अनुदान दुरुपयोग गरेको पाईएमा अनुदान रकम प्रचलित कानून बमोजिम सरकारी बाँकी/ बक्यौता सरह असुल उपर गरिने छ ।

## परिच्छेद -५
## मापदण्ड

१७. साझेदार संस्थाले पालना गर्नुपर्ने विषयः (१) साझेदार संस्थाले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न माछापालन कार्यक्रमको बीमा गरेको हुनु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित मापदण्डका अतिरिक्त थप मापदण्डको आवश्यकता परे मूल्याङ्कन समितिले तयार गरी मन्त्रालयबाट स्वीकृत गराई लागू गर्न सक्नेछ ।

## परिच्छेद -६
## विविध

१८. प्रगति प्रतिवेदनः (१) अनुदान प्राप्त गरेका साझेदार संस्थाले चौमासिक रुपमा प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा संग्रहित गरी कार्यालयले निर्देशनालयमा पठाउनु पर्नेछ ।

१९. संशोधनः यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

२०. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

मन्त्री

अनुसूची -१
(दफा ७ सँग सम्वन्धित)
**प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**
प्रकाशित मितिः ……………

आर्थिक वर्ष २० …/ … को बार्षिक स्वीकृत कार्यक्रममा तालतलैया निर्माण तथा सम्बर्द्धन गरी मत्स्य उत्पादन प्रवर्द्धन कार्यक्रम रहेको हुँदा इच्छुक गठित तालतलैया उपभोक्ता समितिहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र तपशिल बमोजिमका कागजातहरू संलग्न गरी पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय/ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, … … मा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः
१. रु. १० को टिकट टाँसेको अनुसूची -२ अनुसारको निवेदन,
२. अनुसूची -३ अनुसारको प्रस्तावित कार्ययोजना (प्रस्ताव),
३. सम्बन्धित स्थानीय तहको सिफारिस,
४. अनुसूची -४ अनुसारको प्रतिवद्धता-पत्र,
५. सम्बन्धित निकायमा दर्ता प्रमाण पत्र र नवीकरणको प्रमाणित प्रतिलिपि ।
६. तालतलैया निर्माण/ सम्बर्द्धन गरिने ठाउँको फोटो ।

मन्त्री

अनुसूची -२

(दफा ८ सँग सम्वन्धित)

आवेदन-पत्र

मितिः ... ... ... ... ...

श्रीमान् निर्देशकज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
प्रदेश नं. ३, हेटौंडा मकवानपुर ।

मार्फत,
श्री भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र,
... ... ... ... ... ... ...

विषयः- अनुदान सहयोग उपलब्ध गराई पाऊँ ।

महोदय,

तहाँ ... ... ... ... ... बाट मिति ... ... ... ... मा प्रकाशित सूचना अनुसार तालतलैया निर्माण तथा सम्बर्द्धन गरी मत्स्य उत्पादन प्रवर्द्धन कार्यक्रम रहेकोले अनुदान सहयोग उपलब्ध गराई पाउन निम्नानुसार कागजात राखी निवेदन गरिएको छ । यस तालतलैया उपभोक्ता समितिको प्रस्ताव स्वीकृत भएमा सम्बन्धित जिल्ला भित्रै रही संलग्न प्रस्ताव तथा प्रतिवद्धता अनुरुपको कार्य गरिने छ ।

तपसिलः

१. रु. १० को टिकट टाँसेको अनुसूची -२ अनुसारको आवेदन,
२. अनुसूची-३ बमोजिमको प्रस्तावित कार्ययोजना (प्रस्ताव),
३. सम्बन्धित स्थानीय तहको सिफारिस,
४. अनुसूची-४ अनुसारको प्रतिवद्धता-पत्र,
५. सम्बन्धित निकायमा दर्ता प्रमाण पत्र र नविकरणको प्रमाणित प्रतिलिपि,
६. तालतलैया निर्माण/ सम्बर्द्धन गरिने ठाउँको फोटो (वरिपरी देखिने गरी) ।

निवेदन पेश गर्नेको:

दस्तखत र मितिः
नाम, थरः
पदः
संस्थाको नामः
ठेगानाः
संस्थाको छापः

अनुसूची -३

(दफा ८ सँग सम्वन्धित)

**प्रस्तावित कार्ययोजना (प्रस्ताव)**

| | |
|---|---|
| १. तालतलैया उपभोक्ता समितिको नामः | |
| २. ठेगानाः | ३. सम्पर्क नं. : |
| ४. परियोजनाको क्षेत्रफलः | ५. परियोजना स्थलः |
| ६. उपभोक्ता समितिमा मत्स्य विज्ञ/ विशेषज्ञको संख्याः | |
| ७. मत्स्य व्यवसाय/ पर्यटन प्रवर्द्धन सम्बन्धि तालिम लिएको भएः | |
| क. तालिमको वर्षः | ख. अवधि ... ... ... ... ... देखि ... ... ... ... ... सम्म |
| ग. प्रदान गर्ने संस्थाः | |

८. तालतलैया निर्माण/ सम्बर्द्धनको विवरणः

| तालतलैया निर्माण/ सम्बर्द्धन हुने स्थान | संख्या | क्षेत्रफल (हे.) | अनुमानित लागत (रु.) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

९. सामग्री/औजार मागः

| विवरण | संख्या | लागत | सेवाग्रहीले व्यहोर्ने (%) |
|---|---|---|---|
| | | | |
| | | | |

१०. संलग्न हुने जनशक्तिको विवरणः

| विवरण | संख्या | योग्यता | खर्च हुने रकम |
|---|---|---|---|
| सुरक्षा | | | |
| फार्म व्यवस्थापन | | | |
| प्राविधिक | | | |

११. उत्पादन अनुमानः

| विवरण | इकाई | परिमाण | बिक्रि दर (रु) | अनुमानित आय (रु.) |
|---|---|---|---|---|
| खाने माछा | | | | |
| माछा भुरा | | | | |
| अन्य | | | | |
| जम्मा | | | | |

मन्त्री

१२. नयाँ सोच केही भए उल्लेख गर्नुहोस् :

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

१३. उल्लेखित बुदाँहरू समेटिने गरी प्रस्ताव नयाँ ढाँचामा (थप/ घट) तयार गरी पेश गर्न सकिनेछ ।

<u>प्रस्ताव पेश गर्नेको:</u>

दस्तखत र मितिः

नाम, थरः

पदः

संस्थाको नामः

ठेगानाः

संस्थाको छापः

# अनुसूची -४
## (दफा ८ सँग सम्वन्धित)
## प्रतिवद्धता-पत्र

निर्देशनालयको मिति २०७ ... / ... / ... को सूचना अनुसार तालतलैया निर्माण तथा सम्बर्द्धन गरी मत्स्य उत्पादन प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन हुने जानकारी प्राप्त भएकोले सो कार्यक्रममा सहभागिताको लागि प्रस्तावित कार्ययोजना सहितको आवेदन गरिएको छ । उक्त कार्यक्रमको लागि पेश गरिएको प्रस्ताव छनौट भएमा सोही अनुसार कार्य गर्नेछौं । हाम्रो उपभोक्ता समितिले परियोजनाको वीमा समेत गर्नेछ । सञ्चालित कृयाकलापबाट वातावरणलाई असर पुऱ्याउने छैनौं । प्रतिवद्धता मुताविक कार्य नगरेमा कानून बमोजिम सहुँला/ बुझाउँला ।

<u>अध्यक्षको:</u>

दस्तखत र मितिः

नाम थरः

पदः

संस्थाको नामः

ठेगानाः

संस्थाको छापः

औंठा छापः

| दायाँ | वायाँ |
|---|---|
| | |

ईति सम्बत् ... ... ... ... साल ... ... ... ... महिना ... ... गते रोज ... शुभम् ।

मन्त्री

## अनुसूची -५

### (दफा ९ को खण्ड (क) सँग सम्वन्धित)

### प्रस्तावित कार्ययोजना मूल्याङ्कनका आधारहरुः

मूल्याङ्कन समितिले मूल्याङ्कनका आधारहरु तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतिका लागि निर्देशनालयमा पेश गर्नेछ ।

१. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरुः

क)

ख)

२. स्थलगत अनुगमन टोलीको रायः

| क्र.सं. | पद | नामथर | राय | | | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | हुन्छ | सुझाव सहित हुन्छ | हुदैन | |
| १ | | | | | | |
| २ | | | | | | |

नोटः हुन्छ/ सुझाव सहित हुन्छ/ हुदैन भन्ने स्पष्ट कारण दिनु पर्नेछ । कारणहरुः

१.
२.
३.

अनुसूची -६

(दफा ११ को उपदफा (१) सँग सम्वन्धित)

**सम्झौता-पत्र**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं. ३ (यसपछि पहिलो पक्ष भनिने) र आर्थिक वर्ष ... ... .. को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तालतलैया निर्माण तथा सम्बर्द्धन गरी मत्स्य उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि साझेदारी गर्ने ... ... ... ... ... तालतलैया उपभोक्ता समिति, ... ... ... ... (यसपछि दोस्रो पक्ष भनिने) बिच देहाय बमोजिमको शर्तनामाहरु पालना गर्ने गरी द्विपक्षीय सझौता गरिएको छ ।

**शर्तनामाः**

१. दोस्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक सल्लाह एवं सुझाव प्राप्त गरी प्रस्ताव अनुसारको काम सम्झौता गरिएको मितिले ... ... ... ... भित्र सम्पन्न गर्नु पर्नेछ,
२. दोस्रो पक्षले सम्पन्न गरेको कामको मूल्याङ्कन तोकिएका मत्स्य प्राविधिकबाट गराई कार्य सम्पन्न प्रतिवेदन तयार पारी रुजु र प्रमाणित समेत गरेर भुक्तानीको लागि पहिलो पक्षमा पठाउनु पर्नेछ,
३. निर्माण गरिने तालतलैयाहरुको ले-आउट, डिजाइन र लागत ईस्टिमेट तोकिएको प्राविधिक मापदण्ड अनुरुप मत्स्य प्राविधिकद्धारा गराई सोही अनुसारको निर्माण गर्नु पर्नेछ,
४. दोस्रो पक्षले अनिवार्य रुपमा मत्स्य विमा गर्नुका साथै अनुसूची-४ वमोजिम प्रतिवद्धता पूरा गर्नु पर्नेछ,
५. पहिलो पक्षले प्रस्ताव बमोजिम नियमित कार्य गरे/ नगरेको अनुगमन गर्नेछ,
६. पहिलो पक्षले प्राप्त कागजातको आधारमा दोस्रो पक्षको बैंक खातामा चेकबाट अनुदान रकम उपलब्ध गराउनेछ,
७. यस कार्यक्रम अन्तर्गत निर्माण भएका नयाँ तालतलैयाको लागि आवश्यक पर्ने विभिन्न जात एवं साइजका माछा भूरा उपलब्ध गराउन सम्बन्धित मत्स्य विकास केन्द्रले आवश्यक सहयोग एवं समन्वय गर्नु पर्नेछ,
८. यस सम्झौतामा उल्लेखित कार्य गर्दा परि आउने सक्ने कुनै पनि प्राकृतिक प्रकोप र भवितव्यको पूर्ण जिम्मेवार दोस्रो पक्ष स्वयम हुनेछ,
९. अनुदानद्धारा निर्मित तालतलैया/ पर्यटकीय स्थलको प्रवर्द्धन तथा अन्य कार्यहरुको विवरण होर्डिङ्ग वोर्ड दोश्रो पक्षले बनाई सार्वजनिक गरी राख्नु पर्नेछ,
१०. यस सम्झौतामा उल्लेख भएको भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

| **पहिलो पक्षको तर्फबाटः** | **दोस्रो पक्षको तर्फबाटः** |
|---|---|
| नाम थरः | उपभोक्ता समिति प्रतिनिधीको नामः |
| निर्देशनालय/ कार्यालयः | पदः |
| पदः | दस्तखतः |
| दस्तखतः | मितिः |
| सम्पर्क फोनः | सहीछापः |
| **रोहबर** | **रोहबर** |
| नाम थरः | नाम थरः |
| निर्देशनालय/ कार्यालयः | निकायः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |

| दायाँ | बायाँ |
|---|---|
| | |

ईति सम्बत् ... ... ... साल ... ... महिना ... ... गते रोज ... शुभम् ।

अनुसूची -७

(दफा १४ सँग सम्वन्धित)

**निर्माण गरिएको संरचना (उत्पादन तालतलैया) को विस्तृत नाप जांच विवरण**

१. साझेदार संस्थाको नामः-

२. स्थायी ठेगानाः- ३. आ.व.:-

४. परियोजनाको नामः- ५. परियोजना स्थलः-

६. परियोजना स्थलको जि. पि. एस. कोड नं.:- ७. कार्य सम्झौता मितिः-

८. परियोजना स्थलको चार किल्लाः- ९. कार्य सम्पन्न मितिः-

(क) पोखरीः

| सि. नं. | कार्य विवरण | संख्या | लम्बाई (मि.) | चौडाई (मि.) | गहिराई/ उचाई (मि.) | जग्गा (विघा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

(ख) चिलिङ्ग भ्यान, कलेक्सन सेन्टर, मत्स्य यान्त्रीकरणः स्वीकृत स्पेसिफिकेशन अनुसार भए/ नभएको जाँच गर्ने ।

**पेश गर्ने मत्स्य प्राविधिकको**

नाम थरः-

पदः-

कार्यालयको नामः-

दस्तखतः-

मितिः-

**जांच गर्ने मत्स्य प्राविधिकको**

नाम थरः-

पदः-

कार्यालयको नामः- मत्स्य विकास केन्द्र

दस्तखतः-

मितिः-

**स्वीकृत गर्ने अधिकारीको**

नाम थरः-

पदः-

निर्देशनालय/ कार्यालयको नामः-

दस्तखतः-

मितिः-

मन्त्री

अनुसूची -८

(दफा १४ सँग सम्वन्धित)

निर्माण गरिएको संरचना (उत्पादन तालतलैया) को कार्य सम्पन्न प्रतिवेदन

१. साझेदार संस्थाको नामः-

२. स्थायी ठेगानाः- ३. आ.ब.:-

४. परियोजनाको नामः- ५. परियोजना स्थलः-

६. परियोजना स्थलको जि. पि. एस. कोड नं. :- ७. कार्य सम्झौता मितिः-

८. कार्यसम्पन्न मितिः- ९. लागत-इष्टिमेट रकमः-

१०. कार्य-सम्झौता बील रकमः- ११. घटी/बढीः-

| सि. नं. | कार्य विवरण | ईकाई | इष्टिमेट अनुसारको | | | सम्पादित कार्यको | | | फरक | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | जम्मा रकम | परिमाण | दर | जम्मा रकम | परिमाण | रकम | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

१२. स्थलगत अनुगमन टोलीको रायः

| क्र.सं. | पद | नामथर | राय | | दस्तखत |
|---|---|---|---|---|---|
| | | | काम सम्पन्न भएको | काम सम्पन्न नभएको | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |